प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मिति: २०७७/०९/११ गते
बुटवल टुडेमा प्रकाशित

# प्रस्ताव आह्वानको सूचना

सूचना प्रकाशन मिति: २०७७/०९/११ गते

चालू आ.व. २०७७/७८ मा यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार कृषि व्यवसायका लागि कृषि मन्त्री कार्यक्रम संचालन निर्देशिका, २०७५ वमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक, निजि फर्म, समूह, सहकारीले आवश्यक कागजात सहित यस मन्त्रालय वा मन्त्रालय मातहतका जिल्ला स्थित कार्यालयहरुमा तपसिलको विवरण अनुरुप आवेदन फाराम पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। कार्यक्रमको विनियोजित बजेटको परिधि भित्र रही पहिले निवेदन दर्ता गर्ने पहिलो छनौट पद्धति अनुसार कृषकहरुको छनौट गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराउछौं। पेश गर्नु पर्ने आवेदनको ढाँचा, प्रस्तावनाको ढाँचा र संलग्न गर्नु पर्ने कागजातहरु मन्त्रालयको वेभसाइट molmac.p5.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारी मन्त्रालय मातहतका जिल्ला स्थित कार्यालयहरु मार्फत समेत प्राप्त गर्न सकिनेछ।

| कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | कार्यक्रम सञ्चालन हुने स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|
| कृषि व्यवसायका लागि कृषि मन्त्री कार्यक्रम संचालन निर्देशिका, २०७५ वमोजिम कृषि व्यवसायका लागि कृषि मन्त्री कार्यक्रम | कृषि उपज उत्पादन र बजारीकरणका महत्वपुर्ण क्षेत्रहरु, कृषि उत्पादनमा टेवा पुर्याउने साना निर्माण, मेशिनरी उपकरण तथा औजार सामाग्रीहरु, कृषि उपजहरुको साना प्रशोधन, प्याकेजिङ्ग तथा अन्य बजारिकरणका कार्यहरु | लुम्बिनी प्रदेशका सबै जिल्लाहरु | कृषक, निजि फर्म, समूह तथा सहकारी | • निजी फर्म/कृषकको हकमा अधिकतम पचास हजार वा ८५% अनुदान<br>• समूह/सहकारीको हकमा अधिकतम एक लाख वा ८५% अनुदान |

<u>तपसिल</u>

१. अनुसूची-३ बमोजिमको आवेदन फाराम तथा आवश्यक कागजातहरु

२. अनुसूची-४ बमोजिमको प्रस्तावना

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकामः बुटवल, रुपन्देही

कृषि अर्थ विज्ञ

सचिव